आज मिति २०७६/०९/२५ गते शुक्रबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

२. छेडा कचाली सडक स्तरोन्नती प्रस्ताव सम्वन्धमा ।

३. प्रस्ताव आह्वान सम्वन्धमा

४. लोकसेवा तयारी सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. बिविध तथा अन्य प्रासंगिक बिषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित आ.व. २०७६/७७ को स्वीकृत बार्षिक विकास कार्यक्रम मा रहेका देहायबमोजिमका आयोजनाहरुको लागि समपुरक तथा विशेष अनुदान रकम माग गर्न राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| क.सं. | समपुरक अनुदानतर्फ | विशेष अनुदानतर्फ |
|---|---|---|
| १. | शिवालय गाउँपालिकाको भवन निर्माण | स्वास्थ्य चौकी थालारैकर भवन निर्माण |
| २. | वडा नं. ३ कार्यालय भवन निर्माण | टाटा तिमिलेपाखा थाला सडक निर्माण |
| ३. | वडा नं. ७ कार्यालय भवन निर्माण | शिवालय गाउँपालिकाको प्राविधिक भवन निर्माण |

### निर्णय नं २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको केन्द्र ऐरेली जोड्नका लागि हाल भइरहेको **छेडा मोर्क शिवालय कल्याना टुनिबगर कचाली सडकलाई** निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक विवरण सहित माग गरी पठाउने भनी प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यक्रम कार्यान्वयन इकाई ललितपुरले सुचना प्रकाशन गरेकोमा प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यविधि २०७६ को दफा ३ बमोजिम कार्यक्रम स्वीकृतीका लागि कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिक

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका शिक्षित युवाहरुलाई लोकसेवा आयोगद्वारा लिइने विभिन्न प्रतिष्पर्धात्मक परीक्षातर्फ आकर्षित गर्न यस त्यस्तो प्रकारको तयारी कक्षाहरु सञ्चालन गर्न अनुमति प्राप्त शिक्षण संस्थासँग प्रस्ताव माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका शिक्षित युवाहरुलाई लोकसेवा आयोगद्वारा लिइने विभिन्न प्रतिष्पर्धात्मक परीक्षातर्फ आकर्षित गर्न यस गाउँपालिकाको पहलमा अध्ययन शुल्कमात्र व्यहोर्ने गरी चालु आर्थिक वर्षभित्र २५ (पच्चिस) जना छनौट गर्न सुचना प्रकाशन गर्ने र त्यसरी छनौट भएको व्यक्तिहरुलाई त्यस्ता प्रकारका तयारी कक्षाहरु सञ्चालन गर्न अनुमति प्राप्त शिक्षण संस्थासँग सम्झौता गरी अध्ययनका लागि पठाउने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. ३ निवासी श्री सुरेन्द्र बहादुर नेगी क्यान्सर रोगबाट पिडीत भई भरतपुर क्यान्सर अस्पतालमा उपचाररत रहेको अवस्थामा निजको उपचारमा सहयोग पुऱ्याउन आर्थिक सहायता तथा विपद् व्यवस्थापन कोषबाट रु. १ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०९/२५ मा बसेको उनन्चालिसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत